एन आई सी एशिया बैंक लि.

च.नं. : NICASIA/CS/080-81/96

मिति : २०८०/०६/३०

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबारप्लाजा, काठमाडौं ।

विषय : **साधारण सभाको माईन्यूट पठाएको बारे ।**

महोदय,

उपर्युक्त विषयमा २०८०/०६/२८ मा सम्पन्न यस बैंकको २६ औं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्यूट) को प्रतिलिपी यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

धन्यबाद ।

भवदीय,

दिपेन कार्की
कम्पनी सचिव

NIC ASIA BANK LTD.
REGISTERED OFFICE
KATHMANDU

संलग्न :
१. यस बैंकको छब्बीसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्यूट) १ प्रति ।

ISO 9001 Certified Bank

2691794

NIC ASIA
एन आई सी एशिया बैंक लि.

NIC ASIA BANK LTD.
REGISTERED OFFICE KATHMANDU

# एन आई सी एशिया बैंक लिमिटेडको
## छब्बीसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (निर्णयको माइन्यूट)
### (पाना नं. १ देखि २२ सम्म अभिलेख)

१. **वैधानिक सभा :**

एन आई सी एशिया बैंक लिमिटेडको मिति २०८०/०६/०५ (तदनुसार २२ सेप्टेम्बर २०२३) मा सम्पन्न सञ्चालक समितिको ६३०औं बैठकको निर्णयानुसार बोलाईएको छब्बीसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु–सम्पन्न भयो ।

२. **सभा बसेको मिति, स्थान र समय :**

मिति : २०८० आश्विन २८ गते, आईतबार (तदनुसार १५ अक्टोबर २०२३) ।
समय : बिहान ९:०० बजे ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

३. **उपस्थिति :**

**सञ्चालकहरुको उपस्थितिः**

१. श्री तुलसीराम अग्रवाल - अध्यक्ष (संस्थापक समुह)
२. श्री त्रिलोक चन्द अग्रवाल - सञ्चालक (संस्थापक समुह)
३. श्रीमती विजया स्वार - स्वतन्त्र सञ्चालक
४. श्री गणेश मान श्रेष्ठ - सञ्चालक (सर्वसाधारण समुह)
५. श्री आदित्य कुमार अग्रवाल - सञ्चालक (सर्वसाधारण समुह)
६. श्री केशवप्रसाद लम्साल - सञ्चालक (सर्वसाधारण समुह)

**अनुपस्थितिः**

१. श्री रामचन्द्र संघई - सञ्चालक (संस्थापक समुह)

**पदाधिकारीहरुको उपस्थिति :**

१. श्री रोशन कुमार न्यौपाने - प्रमुख कार्यकारी अधिकृत
२. श्री सुधिर नाथ पाण्डे - नायब प्रमुख कार्यकारी अधिकृत
३. श्री सन्तोष कुमार राठी - नायब प्रमुख कार्यकारी अधिकृत
४. श्री दिनेश भारी - प्रमुख कानुन अधिकृत
५. श्री रुपेश लुईंटेल - प्रमुख वित्तीय अधिकृत
६. श्री कमल खड्का - प्रमुख आन्तरिक लेखापरीक्षण विभाग
७. श्री दिपेन कार्की - कम्पनी सचिव



ISO 9001 Certified Bank

2691065

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

साथै, सभामा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रतिनिधी श्री घनश्याम न्यौपाने, बाह्य लेखापरीक्षक श्री पि. के. एफ. टि. आर. उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्सका प्रतिनिधी श्री सुजन बाबु खत्री, बैंकको कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता श्री बालकृष्ण ढकाल तथा बैंकको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडको तर्फबाट प्रतिनिधी प्रमुख कार्यकारी अधिकृत श्री रमेन्द्र रायमाझी समेतको उपस्थिति रहेको थियो ।

## ४. सभाको सूचना तथा आवश्यक विवरण:

छब्बीसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरण मिति २०८०।०६।०६ को राष्ट्रिय दैनिक पत्रिका 'अन्नपूर्ण पोष्ट' मा र उक्त साधारण सभाको सूचना मिति २०८०।०६।१९ गतेको राष्ट्रिय दैनिक पत्रिका 'आर्थिक अभियान' मा प्रकाशित गरिनुका साथै बैंकको वेबसाईटमा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो ।

साधारण सभा बस्ने बारेको सूचना तथा आर्थिक वर्ष २०७९/८० को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा समेत पठाइएको थियो ।

## ५. सभामा भएका छलफलका विषयहरु :

### छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची

### (क) सामान्य प्रस्ताव

१ आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२ लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३ यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

४ लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री पि. के एफ. टि. आर. उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स् पुनः नियुक्त हुन योग्य रहेको ।)

### (ख) विशेष प्रस्ताव

१ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७९/८० को लागि चुक्ता पूँजीको २९% का दरले हुने रु. ३,३५,३५,६१,५५६/- (अक्षरेपी तीन अर्ब पैंतीस करोड पैंतीस लाख एकसट्ठी हजार पाँच

सय छपन्न रुपैयाँ) बोनस शेयर वितरण गर्न र सो मा लाग्ने कर प्रयोजनका लागि १.५२६३% अर्थात् रु. १७,६५,०३,२४०/- (अक्षरेपी सत्र करोड पैंसट्ठी लाख तीन हजार दुई सय चालीस रुपैयाँ) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२ प्रस्ताव नं. १ बमोजिम बोनस शेयर वितरणबाट बैंकको साविक अधिकृत पूँजी रु. ११,५७,००,००,०००/- (अक्षरेपी एघार अर्ब सन्ताउन्न करोड रुपैयाँ) लाई वृद्धि गरी रु. १४,९२,००,००,०००/- (अक्षरेपी चौध अर्ब बयान्नब्बे करोड रुपैयाँ) बनाउन, साविक तत्काल जारी पूँजी रु. ११,५६,४०,०५,३६६/- (अक्षरेपी एघार अर्ब छपन्न करोड चालीस लाख पाँच हजार तीन सय छयसट्ठी रुपैयाँ) लाई वृद्धि गरी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकान्नब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) बनाउन र साविक तत्काल चुक्ता पूँजी रु. ११,५६,४०,०५,३६६/- (अक्षरेपी एघार अर्ब छपन्न करोड चालीस लाख पाँच हजार तीन सय छयसट्ठी रुपैयाँ) लाई वृद्धि गरी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकान्नब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) बनाउन स्वीकृति प्रदान गर्ने ।

३ बैंकको प्रबन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।

४ प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(ग) विविध ।

## ६. शेयरधनीहरुको उपस्थिति :

| कुल शेयर संख्या | स्वयं उपस्थित सेयरधनी संख्या | प्रतिनिधिपत्रद्वारा उपस्थित सेयरधनी संख्या | जम्मा उपस्थित सेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ११,५६,४०,०५३ | १,०४९ | १०५ | १,१५४ | ६,७१,३३,८३२ | ५८.०५ |

## ७. गणपुरक संख्या एवम् बैधानिकता :

सभाको प्रारम्भमा कम्पनी सचिव श्री दिपेन कार्कीले यस साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावली बमोजिम बोलाइएको र यस सभामा बैंकको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडका पदाधिकारीले दिनुभएको जानकारी अनुसार शेयरधनी महानुभावहरुको प्रतिनिधित्व तथा उपस्थितिबाट कम्पनी ऐन, २०६३ को दफा ६९, दफा ७३ तथा बैंकको नियमावली बमोजिम गणपूरक संख्या पुग्न गएको हुँदा यस २६औं वार्षिक साधारण सभा बैधानिक रहेको घोषणा गर्नुभयो ।

## ८. सभाको अध्यक्षता, आसन ग्रहण र सभा संचालन :

गणपुरक संख्या पुगेको र साधारण सभा बैधानिक रहेकोले सभाको कार्यक्रम संचालनकर्ता समेत रहनुभएका बैंकका प्रमुख कानुन अधिकृत श्री दिनेश भारीले कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम ४(७) बमोजिम साधारण सभाको अध्यक्षता गरिदिनुहुन सञ्चालक समितिका अध्यक्ष श्री

तुलसीराम अग्रवालज्यूलाई अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । तत्पश्चात् बैंकका सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, नियमनकारी निकायका प्रतिनिधी लगायत आमन्त्रित शेयरधनी महानुभावहरुलाई आसन ग्रहण गराउनुभयो । तत्पश्चात् अध्यक्षज्यूबाट दीप प्रज्वलन गरी राष्ट्रिय गान बजाई सभा विधिवत रुपमा प्रारम्भ भयो ।

## ९. अध्यक्षज्यूको मन्तब्य :

कार्यक्रम संचालनकर्ताले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई स्वागत गर्दै सभा समक्ष संलग्न अनुसूची-१ (पाना संख्या ६) बमोजिमको मन्तव्य राख्नुभयो ।

## १०. मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु उपर छलफलका लागि आह्वान

कार्यक्रम संचालनकर्ताले सभामा प्रस्तुत प्रस्तावहरु उपर छलफलको लागि आह्वान गर्नुभए पश्चात् निम्नलिखित शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु सभामा प्रस्तुत गर्नुभयो :

१. श्री उद्धव प्रसाद घिमिरे
२. श्री गुण राज भट्ट
३. श्री ब्रम्हदेव शाक्य
४. श्री व्यास कुमार शर्मा
५. श्री अमिर दास रञ्जित
६. श्री चन्द्र नारायण श्रेष्ठ
७. श्री गोगन बहादुर पराजुली
८. श्री सुदिप श्रेष्ठ
९. श्रीमती निरुपमा गुप्ता
१०. श्री भक्ति प्रसाद उप्रेती
११. श्री डमरु बल्लभ घिमिरे
१२. श्री कृष्ण प्रसाद अधिकारी
१३. श्री दिलिप श्रेष्ठ
१४. श्री लभराज जोशी
१५. श्री डिल्ली राम नकर्मी
१६. श्री उत्सव श्रेष्ठ
१७. श्री कमल भारती
१८. श्री कुवेर श्रेष्ठ
१९. श्री शत्रुध्न श्रेष्ठ
२०. श्री सूर्य बहादुर खड्का
२१. श्री दिपक प्रधान
२२. श्री उत्तम पाठक
२३. श्री नरसिंह लाल चख्खु

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**छलफलका क्रममा सहभागी शेयरधनी वक्ताहरुले सभामा व्यक्त गर्नु भएको राय सुझाव सहितको उठेका मुख्य मुख्य विषयहरुको सारांश :**

**श्री उद्धव प्रसाद घिमिरे**

Balance Sheet को पोर्टफोलियो हेर्दा बैंकको अवस्था उत्कृष्ट रहेको विचार व्यक्त गर्नुभयो । घटस्थापनाको शुभ साईतमा सभा सञ्चालन भएको तथा बैंकले प्रदान गरेको Dividend स्वागतयोग्य रहेको र अरु वाणिज्य बैंकहरु मध्ये उत्कृष्ट भएकोमा खुसी प्रकट गर्नुभयो । बैंकले देशभरमा शाखा सञ्जाल विस्तार गरिसकेको अवस्थामा अब विदेशमा पनि आफ्नो सम्पर्क कार्यलय खोल्न सुझाव दिनुभयो । Digitalization लाई अझ बढी प्राथमिकता दिई Green Banking मा अघि बढ्नका साथै साना, घरेलु र मझौला उद्योगलाई प्रोत्साहन गर्न सुझाव दिनुभयो । अन्त्यमा बैंकले आगामी दिनहरुमा बढी भन्दा बढी प्रतिफल प्रदान गर्ने आशा राख्दै मञ्चबाट विदा हुनुभयो ।

**श्री गुण राज भट्ट**

शेयरधनीलाई २९% बोनस शेयर दिएर नेपालको बैंकहरुमा नम्बर १ बैंक बन्न सफल हुनु भएकोमा सञ्चालक समिति तथा सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिनुभयो । बैंकलाई यस अवस्थामा ल्याउन सफल भएकोमा प्रमुख कार्यकारी अधिकृतज्यूलाई विशेष धन्यवाद ज्ञापन गर्नुभयो । आउँदा दिनहरु आर्थिक रुपले कठिन भएकोले अब बैंक नम्बर १ भैरहन विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । अन्त्यमा महान् पर्व दशैं, तिहार, छठ पर्व तथा नेपाल संवतको शुभकामना दिदैं मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री ब्रम्हदेव शाक्य**

अध्यक्षज्यूको प्रतिवेदन समसामयिक, यथार्थपरक एवं उत्साहप्रद भएको विचार व्यक्त गर्नुभयो । २०८० आषाढ मसान्तसम्ममा कुल कर्जाको ८.५% ग्रामिण क्षेत्रमा लगानी गरेको विषय उल्लेखनीय भएको र यसले देशको Macroeconomic Development लाई प्रभावकारी बनाउने तथा दिगो अर्थतन्त्रको कोशेढुङ्गा स्थापना गर्ने कार्य गरेकोले सराहनीय भएको विचार व्यक्त गर्नुभयो । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको वित्तीय साक्षरताको कार्यक्रम प्रशंसा योग्य रहेको बताउनुभयो । अन्त्यमा, Capital Adequacy को प्राविधिक समस्यालाई पार गर्दै बैंकले Dividend घोषणा गरेकोमा बैंकलाई धन्यवाद दिनुभयो ।

**श्री व्यास कुमार शर्मा**

२६ औं वार्षिक प्रतिवेदन सरल भाषामा भएको र सम्पूर्ण तथ्य सवैले बुझ्न सक्ने भएकोमा बैंकको प्रशंसा गर्नुभयो । असहज परिस्थतीमा भएको Business Growth सन्तुलित रुपमा भएको र Reserve पनि राम्रो बनाउँदै जोखिम पक्षमा पनि उचित ध्यान दिएकोमा बैंकको प्रशंसा गर्नुभयो । Digitalization मा बैंकले छलाङ्ग मारेकोमा खुसी प्रकट गर्दै बैंकको कर्मचारी, सञ्चालक समितिको प्रशंसा गर्दै आगामी वर्षमा Dividend Policy स्पष्ट गरेर बैंकले शेयरधनीहरुलाई उचित प्रतिफल प्रदान गर्ने आशा व्यक्त गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

५/२२

ISO 9001 Certified Bank

2691063

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**श्री अमिर दास रञ्जित**

बैंकले चाडपर्वको दिन साधारण सभा आयोजना गरेकोमा गुनासो व्यक्त गर्दै बैंकले राम्रो Portfolio बनाएको र शेयरधनीहरुलाई गत आर्थिक वर्षको मुनाफाबाट बैंकले लाभांश घोषणा गरेकोमा खुशी व्यक्त गर्नुभयो । बैंकमा सञ्चालक समिति र लेखापरीक्षण समितिको बैठक धेरै भएकोमा गुनासो व्यक्त गर्नुहुँदै प्रमुख कार्यकारी अधिकृतलाई निर्णय गर्ने अधिकार बढाउन सुझाव दिनुभयो । बैंकलाई सामाजिक उत्तरदायित्वको कार्यलाई अझ वृद्धि गर्न सुझाव दिँदै आगामी दिनहरुमा अझ बढि प्रतिफल दिने गरी कार्य गर्न अनुरोध गर्दै तथा बैंकको सफलताको कामना गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**श्री चन्द्र नारायण श्रेष्ठ**

बैंकले गत आर्थिक वर्षको लागि २९ प्रतिशत बोनस शेयर र कर प्रयोजनको लागि १.५२६३ प्रतिशत नगद लाभांश घोषणा गरेको र यो लाभांश सबैभन्दा बढि रहेकोमा खुशी प्रकट गर्नुभयो । साथै, सम्पूर्ण Indicator हरु हेर्दा बैंक राम्रो अवस्थामा रहेको जनाउँदै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री गोगन बहादुर पराजुली**

सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई विजयादशमी २०८० को शुभकामना व्यक्त गर्नुहुँदै बैंकले गत आर्थिक वर्षको लागि ३०.५२६३ प्रतिशत लाभांश घोषणा गरेकोमा सो लाभांश विगत तीन आर्थिक वर्षमा लाभांश प्रदान नगरिएको हुनाले विगत तीन आर्थिक वर्षमा विभाजन गर्दा वार्षिक औसत १० प्रतिशत रहेको जनाउनुभयो । बैंकले गत आ.व. मा निष्कृय कर्जा कम गर्न सकेकोमा खुशी व्यक्त गर्दै सञ्चालक समितिको बैठक धेरै भएकोमा गुनासो व्यक्त गर्नुभयो । साथै, आगामी आर्थिक वर्षमा दुई अंकको प्रतिशतमा लाभांश प्राप्त गर्न सकियोस् भन्ने आकांक्षा राख्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**श्री सुदिप श्रेष्ठ**

बैंकले २०८० को बडादशैंको पावन अवसरमा शेयरधनीहरुलाई २९ प्रतिशत बोनस शेयर घोषणा गरेर शुभकार्य गरेको जनाउँदै हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । विगत २ आर्थिक वर्षहरुमा विभिन्न कारणले लाभांशबाट बञ्चित हुन परेकोमा दुःख व्यक्त गर्दै आगामी आर्थिक वर्षहरुमा समयमै प्रतिफल दिन बैंकलाई आग्रह गर्नुभयो । बैंकले निष्कृय कर्जा घटाउन सफल भई दोस्रो स्थानमा रहेको तथा बैंकको ग्राहक संख्या उल्लेखनीय रहेकोमा खुशी प्रकट गर्नुभयो । आगामी आर्थिक वर्षहरुमा बैंकको "Impossible is a Myth, अठोटको अगाडि हर लक्ष्य सम्भव छ" भन्ने नारालाई आत्मसात गरी शेयरधनीहरुलाई अझ बढि प्रतिफल प्रदान गर्न आग्रह गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्रीमती निरुपमा गुप्ता**

बैंकको Performance राम्रो रहेको, वृद्धि हुँदै गएको र वासलात समेत उत्कृष्ट रहेकोमा खुशी व्यक्त गर्नुभयो । चाडपर्वको दिन साधारण सभा आयोजना गर्दा विशेषत् महिलालाई अप्ठ्यारो परेको जनाउ गर्नुभयो । बैंकको जगेडा कोष तथा वितरणयोग्य मुनाफा उत्कृष्ट रहेको, निष्कृय कर्जा निकै कम रहेको विचार व्यक्त



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

गर्दै तीन वर्ष पश्चात् लाभांश वितरण गर्ने प्रस्ताव गरेकोमा बैंकलाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै, बैंकले संचालन खर्चमा कमी गर्न सुझाव दिँदै तथा बैंकलाई उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**श्री भक्ति प्रसाद उप्रेती**

बैंकको गैर बैंकिङ्ग सम्पत्ति धेरै भएको र सो का कारण कर्जा नोक्सानी व्यवस्थामा ठूलो रकम छुट्याउनुपर्ने हुँदा यथासक्य चाँडो Dispose गर्नुपर्ने, कार्ययोजना बनाई बैंकको आम्दानी बढाउनुपर्ने, हरेक वर्षको खुद मुनाफाको कम्तीमा १० प्रतिशत वितरण योग्य मुनाफा हुनुपर्ने धारणा राख्दै बैंकको मनोरञ्जन खर्च घटाउन सुझाव दिनुभयो । अहिलेको समयमा केही मानिसहरुले बैंकहरु प्रति नकारात्मक भ्रम श्रृजना गरिरहेको सन्दर्भमा सो विषय निराकरण गर्नको लागि नेपाल बैंकर्स एशोसिएसन मार्फत अघि बढ्नुपर्ने सुझाव दिँदै समग्र बैंकहरुले शेयरधनीहरुको लगानीमा पर्याप्त प्रतिफल दिन नसकेको गुनासो गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री डमरु बल्लभ घिमिरे**

गत वर्षमा प्रमुख कार्यकारी अधिकृतले गर्नुभएको प्रतिबद्धता अनुरुप यस वर्ष शेयरधनीलाई प्रतिफल प्रदान गरेकोमा बैंकलाई धन्यबाद ज्ञापन गर्नुभयो । बैंकका कर्मठ कर्मचारी तथा सञ्चालक समितिको अथक मिहिनेतबाट बैंकले ३०.५२६३% लाभांश घोषणा गर्न सफल भएकोमा सबैलाई धन्यबाद दिनुभयो । उपस्थित सबैमा वडा दशैंको शुभकामना व्यक्त गर्नुहुँदै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री कृष्ण प्रसाद अधिकारी**

ATM Machine हरुको संख्या धेरै भएकोमा प्रशंशा गर्दै Cash Deposit Machine को संख्या पनि बढाउनु पर्ने सुझाव दिंदै स्वस्ती वाचन गर्दै मञ्चबाट विदा हुनुभयो ।

**श्री दिलिप श्रेष्ठ**

हालको आर्थिक मन्दीको अवस्था, देशमा रहेको प्रतिकुल परिस्थतीमा सञ्चालक समितिको बैठक भत्ता बढाउने विषय पुनर्विचार गर्न अनुरोध गर्नुभयो । साथै, आफूले बैंकमा गरेको लगानी प्रति आफूलाई गर्व महशुस भएको विचार व्यक्त गर्दै मञ्चबाट विदा हुनुभयो ।

**श्री लभराज जोशी**

बैंकले आ.व. २०७९/८० को लागि २९% बोनस शेयर तथा १.५२६३% नगद लाभांश घोषणा गरेकोमा हर्ष जाहेर गर्नुभयो । कर्मचारीलाई प्रोत्साहन गर्न विभिन्न तालिम दिने गरेको विषय प्रशंशायोग्य रहेको र बैंकको निक्षेपमा भएको वृद्धि उत्साहजनक भएकोमा खुसी प्रकट गर्नुभयो । बैंक अब सबै Indicator हरुमा प्रथम हुनुपर्ने सुझाव दिँदै बैंकको उज्वल भविष्यको कामना गर्दै सञ्चालक समिति र बैंकको कर्मचारीलाई विशेष धन्यवाद ज्ञापन गर्नुभयो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**श्री डिल्ली राम नकर्मी**

बैंकले ज्येष्ठ नागरिकलाई कर्जा सेवा प्रदान नगर्ने नीति बारे आफ्नो गुनासो व्यक्त गर्नुका साथै आफ्नो गुनासो उचित निकायमा पुऱ्याउन सहयोग गर्न आग्रह गर्नुभयो ।

**श्री उत्सव श्रेष्ठ**

घटस्थापनाको दिन वार्षिक साधारण सभा सम्पन्न गरेकोमा गुनासो व्यक्त गर्दै आगामी वर्षहरुमा त्यस्तो विषयमा ध्यान दिन अनुरोध गर्नुभयो । सञ्चालकज्यूहरुको पारिश्रमिक, भत्ता तथा र सुविधा समायोजन गर्ने सम्बन्धी प्रस्ताव तथा गत आर्थिक वर्षमा सम्पन्न भएको सञ्चालक समितिको बैठक संख्या प्रति गुनासो व्यक्त गर्नुभयो । बढ्दो पेशागत र कानुनी खर्चले बैंकको नकारात्मक छवी सृजना हुनसक्ने धारणा व्यक्त गर्दै सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च प्रति आफ्नो जिज्ञासा व्यक्त गर्नुभयो । साथै, सञ्चालक समितिको बैठकमा यथासक्दो सबै सदस्यहरुको उपस्थिति रहनुपर्ने सल्लाह दिनुभयो ।

**श्री कमल भारती**

कर्जा असूली सम्बन्धी बैंकको आफ्नो नियमहरु रहेको परिप्रेक्ष्यमा समेत बैंकले कर्जा असूली सम्बन्धी उदार नीति तर्जुमा गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । संस्थागत सुशासन सम्बन्धी प्रतिवेदनमा विभिन्न सञ्चालक स्तरका समितिहरुको विस्तृत विवरण समेत समावेश गर्न सल्लाह दिदै बैंकले Project Based Financing मा समेत ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । बैंकको ब्याजदर निर्धारण नीति प्रति आफ्नो धारणा व्यक्त गर्दै आगामी आर्थिक वर्षका लागि लाभांश वितरण र Balance Sheet Growth अन्तर्गत बैंकको रणनीति के कस्तो हुने हो भनी जिज्ञासा व्यक्त गर्नुभयो । Legal Service अन्तर्गत Roster बनाई प्रकृयागत रुपमा बाह्य सेवा लिन र बैंकले सकारात्मक छवी सृजना गर्न आवश्यक पहलकदमी लिन आवश्यक रहेको सल्लाह दिदै विजया दशमीको शुभकामना व्यक्त गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री कुवेर श्रेष्ठ**

बैंकप्रति सेवाग्राहीहरुको बढ्दो चासो उद्धृत गर्दै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको कार्य विवरणहरु विस्तृत रुपमा प्रस्तुत गर्न सल्लाह दिनुभयो । बैंकको विपन्न कर्जाको पोर्टफोलियो घट्नुका कारण सम्बन्धी आफ्नो जिज्ञासा व्यक्त गर्दै बैंकले आफ्नो सेवाग्राही तथा शेयरधनीहरुसँगको सम्बन्ध सुमधुर बनाउन आवश्यक रहेको सल्लाह दिनुभयो । आगामी आर्थिक वर्षका लागि लाभांश वितरण सम्बन्धी बैंकको रणनीति प्रति जिज्ञासा व्यक्त गर्दै विजया दशमी तथा तिहारको शुभकामना व्यक्त गर्नुभयो ।

**श्री शत्रुघ्न श्रेष्ठ**

बैंक स्थापनाकाल देखि नै उत्कृष्ट व्यवसायिक प्रगति सुनिश्चित गर्दै आईरहेको तथ्य प्रस्तुत गर्नुभयो र आगामी दिनहरुमा समेत बैंकले सर्वोत्कृष्ट Performance दिनेछ भन्ने विषयमा आफू विश्वस्त रहेको विचार व्यक्त गर्नुभयो । देशका दुर्गम क्षेत्रमा समेत बैंकले कर्जा प्रवाह गरेकोमा खुसी व्यक्त गर्नुहुँदै डिजिटल बैंकिङ्ग सम्बन्धमा उपयुक्त नीति तर्जुमा गर्न सल्लाह दिनुभयो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**श्री सूर्य बहादुर खड्का**

बैंकको निक्षेप अन्तर्गतको वृद्धिदर स्थिर रहेकोमा जिज्ञासा व्यक्त गर्नुभयो । Input अनुसार नै Output हुनुपर्छ भन्ने विचार व्यक्त गर्दै पारिश्रमिक, भत्ता तथा र सुविधा सम्बन्धी विवरण पारदर्शी हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**श्री दिपक प्रधान**

बैंकले समयमा नै आफ्नो वार्षिक साधारण सभा सम्पन्न गरेको तथा लाभांश वितरण गरेकोमा खुसी व्यक्त गर्नुभयो । बैंकको प्रमुख कार्यकारी अधिकृतले प्रस्तुत गर्नुभएको परिपक्वताको प्रंशसा गर्दै आगामी वर्षमा बैंकले अझ राम्रो लाभांश वितरण गर्न सफल हुने अपेक्षा व्यक्त गर्नुभयो । बैंकले विशेष रुपले सक्षम व्यक्तिहरुलाई समेत कर्जा सुविधा उपलब्ध गराउनको लागि उचित नीति तर्जुमा गर्न आग्रह गर्दै बैंकको मर्जर सम्बन्धी रणनीति सम्बन्धमा जिज्ञासा व्यक्त गर्नभयो ।

**श्री उत्तम पाठक**

विभिन्न परिसूचकहरुमा बैंकको प्रस्तुति उत्कृष्ट रहेको र कर्जा असूली सम्बन्धी नीति नियमहरु अनुपालना गरेर नै बैंकले उचित प्रतिफल हासिल गरेकोमा खुशी व्यक्त गर्नुभयो । लगानीकर्ताहरुले बैंकबाट पाउनुपर्ने प्रतिफल आगामी वर्ष पनि पाउने अपेक्षा व्यक्त गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री नरसिंह लाल चख्खु**

बैंक वासलातको आकारको आधारमा तथा विभिन्न वित्तीय तथा गैर वित्तीय सुचकहरुमा उत्कृष्ट रहेको र प्रगतिपथमा बैंक लम्किरहेको हुनाले खुशी प्रकट गर्नुभयो । साथै, विभिन्न सुचांकमा बैंक अब्वल रहेको, तर बैंकिङ्ग बजारमा नयाँ क्षेत्रको पहिचान गर्नुपर्ने र SWOT Analysis गर्नुपर्ने धारणा व्यक्त गर्दै विजया दशमी तथा तिहारको शुभकामना व्यक्त गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तर :**

**वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्न, जिज्ञासा तथा सुझाव उपर जवाफ दिनका लागि अध्यक्षज्यूले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री रोशन कुमार न्यौपानेज्यूलाई निर्देशन दिनुभए बमोजिम वहाँले दिनुभएको समष्टिगत प्रत्युत्तरको सारांश :**

सर्वप्रथम बैंकको २६औं वार्षिक साधारण सभामा सहभागी हुन पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिवादन गर्नुभयो । शेयरधनी महानुभावहरुले सभामा उठाउनुभएका सल्लाह, सुझाव, मार्गदर्शनहरुको लागि धन्यवाद व्यक्त गर्नुहुँदै शेयरधनी महानुभावहरुको जिज्ञासा, सुझाव बारे आफ्नो धारणा व्यक्त गर्नुभयो ।

सर्वप्रथम घटस्थापनाको दिनमा वार्षिक साधारण सभा गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट वित्तीय विवरण उपर यथासक्य शीघ्र स्वीकृति प्राप्त गरी साधारण सभा गरी शेयरधनी महानुभावहरुलाई यथासक्य छिटो लाभांश दिने बैंकको योजना अनुरुप चालु आर्थिक वर्षको पहिलो त्रयमासको अन्त्य नजिकिएको अवस्था समेतलाई मध्यनजर गर्दै घटस्थापनाको दिन साधारण सभा गर्नुपरेको बारे जानकारी गराउनुभयो ।

९/२२

2691073

NIC ASIA

एन आई सी एशिया बैंक लि.

बैंकले तीन वर्ष पश्चात् ३०.५२६३ प्रतिशत लाभांश घोषणा गरेकोमा प्रतिवर्ष १० प्रतिशत मात्रै भयो भन्ने केही शेयरधनी महानुभावहरुको गुनासो सम्बन्धमा बैंकले शेयरनीहरुलाई हर हमेशा अधिकतम लाभांश दिने प्रयत्न गरेको जानकारी गराउँदै अहिले देशको आर्थिक परिदृश्य, विश्व आर्थिक परिदृश्य अनुरुप समग्र बैंकिङ्ग क्षेत्र प्रतिकुल वातावरणबाट गुज्रिरहेको, गत आर्थिक वर्ष २०७९/८० को सुरुवातमा बैंकहरुको Average Industry Non Performing Loan (NPL) १.२० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० को अन्त्यमा २.९८ प्रतिशत पुगेको जुन नेपालको बैंकिङ्ग इतिहासमा एक आर्थिक वर्षमा भएको सबैभन्दा नराम्रो निष्कृय कर्जा वृद्धि रहेको, जसकारण बैंकहरुको लागि कर्जा व्यवस्थापनको सम्बन्धमा निकै अप्ठ्यारो परिदृश्य श्रृजना भएको जसका कारण धेरै वाणिज्य बैंकहरुको Distributable Profit नकारात्मक हुन पुगेको यथार्थ बस्तुगत अवस्था रहेको सम्बन्धमा शेयरधनी महानुभावहरुलाई जानकारी गराउनु भयो।

साथै, Central Bureau of Statistics (CBS) ले प्रकाशन गरेको पछिल्लो तथ्यांक अनुसार आ.व. २०७९/८० को दोस्रो त्रयमास सम्ममा नेपालको Gross Domestic Product १.१ प्रतिशतले नकारात्मक वृद्धि भएको, त्यसैगरि International Monetary Fund ले प्रकाशन गरेको पछिल्लो Nepal Projection प्रतिवेदन अनुसार सन् २०२३ मा नेपालको आर्थिक बृद्धिदर ०.८ प्रतिशत मात्रै हुने अनुमान रहेको जानकारी साधारण सभालाई गराउँदै हाल शेयर बजारको नकारात्मक स्थिति, घरजग्गाको मूल्यको नकारात्मक स्थिति, Sales र Demand मा आएको गिरावट लगायतका कारण आम लगानीकर्ता र निक्षेपकर्ताहरुको Confidence मा कमी आइरहेको र आर्थिक समस्या झन पेचिलो बन्दै गएको विषयलाई साधारण सभा समक्ष जानकारी गराउनुभयो।

समग्र बैंकिङ्ग क्षेत्रमा गत आर्थिक बर्ष २०७९/८० को पहिलो त्रयमासको Non Performing Loan (NPL) दोस्रो, तेस्रो र चौथो त्रयमासमा झन बढ्दै गएको कारण केहि बैंकहरुको Distributable Profit नकारात्मक हुन गएको र यस्तो अवस्थामा समेत बैंकले आफ्ना शेयरधनी महानुभावहरुलाई घोषणा गरेको कुल ३०.५२६३ प्रतिशतको लाभांश वाणिज्य बैंकहरुले दिनेमध्ये सबैभन्दा बढि रहेको विषय समेत साधारण सभालाई स्पष्ट जानकारी गराउनुभयो।

बैंकले आफ्ना शेयरधनीहरको हक हित संरक्षण गर्न सकेको छ कि छैन भन्ने विषयमा अध्ययन गर्दा आर्थिक वर्ष २०७७/७८ को मिति २०७७/०४/०१ मा बैंकको शेयरमा रु. १ लाख लगानी गर्नुहुने शेयरधनी महानुभावको सम्पत्ति २०८०/०४/०१ मा आइपुग्दा करिब कुल रु. १.६७ लाख पुगेको, जबकि सोही अवधिमा Industry Average सम्पत्ति भनेरु. १ लाखको करिब कुल रु. १.०३ लाख मात्र पुगेको तथा विगत तीन आ.व. मा बैंकका शेयरधनीहरुको शेयर सम्पत्ति वृद्धि करिव ६७ प्रतिशत हुँदा समग्र Industry को शेयरधनीहरुको औसत शेयर सम्पत्ति वृद्धि करिव ३ प्रतिशत मात्र रहेको तथ्याङ्क साधारण सभा समक्ष प्रस्तुत गर्दै बैंकले विगत ३ आर्थिक वर्षहरुमा लाभांश नदिँदा समेत अन्य वाणिज्य बैंकहरुको तुलनामा यस बैंकका शेयरधनीहरुको शेयर सम्पत्ति उल्लेखनीय वृद्धि भएको वस्तुगत तथ्य साधारण सभालाई स्पष्ट पार्नुभयो। साथै, शेयरधनीहरुको शेयर सम्पत्ति वृद्धिमा अन्य वाणिज्य बैंकहरुको तुलनामा यस बैंक निकै माथि रहेको विषय समेत सभालाई स्पष्ट रुपमा जानकारी गराउनुभयो।

आधारभुत रुपमा बैंकले गर्ने सबै प्रकारका निर्णयहरु (जस्तैः Portfolio Growth, Recovery Management, Business Expansion लगायत) सहि भएको खण्डमा मात्रै विविध प्रकारका अवरोधका वावजुद शेयरधनीको सम्पत्ति वृद्धि हुने निश्कर्ष बैंकको रहेको विषय सभालाई अवगत गराउँदै बैंकले आगामी दिनहरुमा समेत



ISO 9001 Certified Bank

2691074

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

शेयरधनीहरुको Value Maximization गर्ने विषयमा मुख्य रुपमा केन्द्रित भइ निर्णय लिइने सम्बन्धमा साधारण सभालाई आश्वस्त गराउनुभयो ।

बैंकको अर्जुनदृष्टि आफ्ना शेयरधनीहरुको Wealth Maximization गर्नु रहेको र यही कडीलाई बैंकले सफलताको सूचकको रुपमा दाँज्ने विषय सभालाई जानकारी गराउँदै बैंकले हरेक प्रकारको निर्णय गर्दा यही विषयलाई मुख्य प्राथमिकतामा राख्ने गरेको र मूख्यतया बैंकको ध्यान Overall Market Capitalization, Market Price per Share, Overall Earning Per Share, Overall Return on Equity, Overall Book Value per Share तथा Overall Management Strength र संस्थागत सुशासनलाई बलियो बनाउनुमा केन्द्रित रहेको विषय सभालाई स्पष्ट पार्नुभयो ।

हाल बैंक Market Capitalization मा दोस्रो स्थानमा रहेको भएता पनि निकट भविष्यमा नै यस बैंक यस सूचकमा समेत पहिलो नम्बरमा आउने विषय साधारण सभालाई जानकारी गराउँदै गत आ.व. मा Industry Average Earning Per Share रु. १९.२६ रहेकोमा बैंकको Earning Per Share रु. ३८.४४ रहेको र Industry औसत भन्दा दोब्बर रहेको, गत आ.व. मा Industry Average Return on Equity १०.८८ प्रतिशत रहेकोमा बैंकको Return on Equity १६.३९ प्रतिशत रहेको र Industry औसत भन्दा ५१ प्रतिशत बढि रहेको, Industry Average Book Value Per Share भन्दा बैंकको Book Value Per Share ३७ प्रतिशतले बढि भई समग्र बैंकिङ्ग क्षेत्रमा राष्ट्रिय वाणिज्य बैंक बाहेक सूचिकृत वाणिज्य बैंकहरु मध्ये पहिलो नम्बरमा रहेको तथ्य साधारण सभा समक्ष प्रस्तुत गर्दै बैंक मूख्यतया शेयरधनीहरुलाई प्रतिफल दिने सूचकहरुमा पहिलो नम्बरमा रहेको र यो नै सबैभन्दा महत्वपूर्ण विषय रहेको सभालाई स्पष्ट पार्नुभयो ।

यस बैंकको व्यवसाय वृद्धि Saturate भएको हो कि भन्ने शेयरधनीहरुको जिज्ञासालाई सम्बोधन गर्दै हालसम्म बैंकिङ्ग व्यवसायमा धेरैजसो Indicator हरु (जस्तै: Loan, Deposit, Mobile Banking, Debit Card, Credit Card, Point of Sales, Quick Response Sales, Digital Banking इत्यादि) मा भएको Highest Growth को रेकर्ड यस बैंकको नाममा सुरक्षित रहेको र यो विषय बैंक र शेयरधनी महानुभावहरुको लागि गौरवको विषय रहेको सभालाई जानकारी गराउनुभयो ।

चालु आ.व. २०८०/८१ मा समेत बैंकका शेयरधनीहरुको प्रति शेयर मूल्यमा कमी आउन नदिनको लागि बैंकले निकै जागरुक भइ व्यवसाय विस्तार गरिरहेको, र आ.व. २०८०/८१ मा हिजोको दिन सम्म Industry को कुल निक्षेप रु. ७९ अर्बले बढेकोमा यस बैंकको मात्र रु. ४७ अर्बले बढेको, त्यसैगरी Industry को कुल कर्जा रु. ६७ अर्बले बढेकोमा यस बैंकको मात्र रु. ३१ अर्बले बढेको र समग्र बैंकिङ्ग Industry को व्यवसाय वृद्धिमा यस बैंकको वृद्धि निकै उल्लेखनीय रहेको विषय साधारण सभालाई जानकारी गराउनुभयो ।

बैंकले सम्पूर्ण सरोकारवालाहरुको अधिकतम हित तथा निक्षेपकर्ताहरुको लगानी सुरक्षित गर्नका लागि देशको ऐन/कानून तथा नियामक निकायले जारी गरेको निर्देशनको अधिनमा रही कर्जा असुली गर्ने गरेको जानकारी गराउनुभयो । बैंकले कार्यान्वयन गरेको रणनीतिको फलस्वरुप गत आर्थिक वर्षमा Non Performing Loan समग्र बैंकिङ्ग Industry मा २.९८ प्रतिशत रहेकोमा यस बैंकको Non Performing Loan मात्र ०.८८ प्रतिशतमा सिमित राख्न सफल भएको र समग्र Industry मा Non Performing Loan थोरैमा सिमित राख्ने बैंकहरु मध्ये हाम्रो बैंक दोस्रो नम्बरमा रहन सफल भएको विषय समेत साधारण सभालाई जानकारी गराउनुभयो । साथै, कर्जा असुलीका मूख्यतया चार सूचकहरु (Non Banking Asset, Non Performing

११/२२

2691075



ISO 9001 Certified Bank

Loan, Watchlist र Overdue Interest) को योगफलका आधारमा आ.व. २०८० असार मसान्तमा Industry औसत करिब १० प्रतिशत रहेको अनुमान गरिएकोमा यस बैंकको करिब ४ प्रतिशत मात्र रहेको र Industry को अनुमानित Average Recovery Position को तुलनामा यस बैंकको Recovery Position निकै राम्रो रहेको विषय समेत साधारण सभालाई जानकारी गराउनुभयो ।

साथै, शेयधनी महानुभावहरुले साधारण सभामा राख्नुभएको अन्य प्राविधिक विषयहरुलाई बैंकले सहर्ष स्वीकार गरी भविष्यमा क्रमशः सुधार गर्दै जाने अठोट रहेको प्रतिबद्धता सभा समक्ष प्रस्तुत गर्दै बैंकले भविष्यका दिनहरुमा धेरै उपलब्धिहरु हासिल गर्न बाँकी रहेको र सोका लागि सम्पूर्ण बैंक परिवार दत्त चित्त भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्दै साधारण सभालाई आश्वस्त पार्नुभयो ।

शेयरधनी महानुभावहरुले सञ्चालक समितिको बैठक र सञ्चालक समितिको भत्ता सम्बन्धमा चासो राख्नुभएकोमा बैंकले सञ्चालक समितिको लागि आ.व. २०७९/८० मा गरेको कुल खर्च सोही आर्थिक वर्षमा बैंकले आर्जन गरेको Total Revenue को करिब ०.०९ प्रतिशत मात्रै रहेको, सोही आर्थिक वर्षमा बैंकले गरेको Total Expense को करिब ०.१६ प्रतिशत मात्रै रहेको र सोही आर्थिक वर्षमा बैंकले आर्जन गरेको Total Net Profit को करिब ०.३० प्रतिशत मात्रै रहेको वस्तुगत तथ्य साधारण सभा समक्ष उजागर गर्नुभयो । साथै, सञ्चालक समितिको लागि बैंकले गरेको खर्च बैंकले हासिल गरेको Performance लाई मध्यनजर गर्दा साधारण रहेको विषय समेत साधारण सभा समक्ष जानकारी गराउनुभयो ।

अन्त्यमा, बैंकको २६औं वार्षिक साधारण सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु, नियामक निकायका प्रतिनिधीज्यूहरु र अन्य सम्पूर्ण अतिथिज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आउँदै गरेको विजयादशमी, शुभदिपावली, नेपाल सम्वत र छठ पर्वहरुको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

## ११. प्रस्तावहरुको प्रस्तुति :

अध्यक्षज्यूको निर्देशन अनुसार कार्यक्रम संचालनकर्ताले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा बैंकको आर्थिक बर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## १२. सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव :

१. छलफलको लागि साधारण सभामा प्रस्तुत विषयसूची (१) अन्तर्गत आर्थिक वर्ष २०७९/८० को लागि सञ्चालक समितिको प्रतिवेदन छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

२. विषयसूची (२) अन्तर्गत लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर साधारण सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. विषयसूची (३) अन्तर्गत यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. र एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर साधारण सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

४. विषयसूची (४) अन्तर्गत लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव साधारण सभामा प्रस्तुत भएपछि लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/८१ को बाह्य लेखापरीक्षणको लागि श्री पि. के. एफ. टि. आर. उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स् लाई लेखापरीक्षक नियुक्त गर्ने र बाह्य लेखापरीक्षकले गर्नुपर्ने लेखापरीक्षण, कर लेखापरीक्षण, Long Form Audit Report (LFAR), प्रचलित ऐन अन्तर्गतका अन्य आवश्यक प्रतिवेदन प्रमाणित गर्ने लगायतका सम्पूर्ण आवश्यक कार्यका लागि सो कार्यको सिलसिलामा भैपरि आउने यातायात लगायतका सम्पूर्ण खर्चहरु समेत गरी निजलाई मूल्य अभिवृद्धि कर (VAT) सहित रु. ३१,०७,५००/- (अक्षरेपी एकतीस लाख सात हजार पाँच सय रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव निर्णयार्थ साधारण सभामा पेश भएकोमा उक्त प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

**(ख) विशेष प्रस्ताव :**

१. विषयसूची (१) अन्तर्गत सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७९/८० को लागि चुक्ता पूँजीको २९% का दरले हुने रु. ३,३५,३५,६१,५५६/- (अक्षरेपी तीन अर्ब पैंतीस करोड पैंतीस लाख एकसट्ठी हजार पाँच सय छपन्न रुपैयाँ) बोनस शेयर वितरण गर्न र सो मा लाग्ने कर प्रयोजनका लागि १.५२६३% अर्थात् रु. १७,६५,०३,२४०/- (अक्षरेपी सत्र करोड पैंसट्ठी लाख तीन हजार दुई सय चालीस रुपैयाँ) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. विषयसूचि (२) अन्तर्गत प्रस्ताव नं. १ बमोजिम बोनस शेयर बितरणबाट बैंकको साविक अधिकृत पूँजी रु. ११,५७,००,००,०००/- (अक्षरेपी एघार अर्ब सन्ताउन्न करोड रुपैयाँ) लाई वृद्धि गरी रु. १४,९२,००,००,०००/- (अक्षरेपी चौध अर्ब बयान्नब्बे करोड रुपैयाँ) बनाउन, साविक तत्काल जारी पूँजी रु. ११,५६,४०,०५,३६६/- (अक्षरेपी एघार अर्ब छपन्न करोड चालीस लाख पाँच हजार तीन सय छयसट्ठी रुपैयाँ) लाई वृद्धि गरी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकान्नब्बे करोड



2691077

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) बनाउन र साविक तत्काल चुक्ता पूँजी रु. ११,५६,४०,०५,३६६/- (अक्षरेपी एघार अर्ब छपन्न करोड चालीस लाख पाँच हजार तीन सय छयसट्ठी रुपैयाँ) लाई वृद्धि गरी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकान्नब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) बनाउन स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. विषयसूची (३) अन्तर्गत बैंकको प्रबन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको देहाय बमोजिमको तीन महले सहितको संशोधनलाई साधारण सभाले सर्वसम्मतिले पारित गऱ्यो :

**एन आई सी एशिया बैंक लि. को प्रबन्धपत्रमा**

प्रस्तावित संशोधन/थपको तीन महले विवरण

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| **४. बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कामहरु :**<br>(कक्ष) नयाँ थप | **४. बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कामहरु :**<br>(कक्ष) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी विप्रेषण (रेमिटेन्स) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (कत्र) नयाँ थप | (कत्र) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी Credit Rating सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |



ISO 9001 Certified Bank
2691078

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| (कञ) नयाँ थप | (कञ)बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी सुनचाँदीको धितोमा कर्जा प्रवाह गर्ने सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खक) नयाँ थप | (खक) बैंकले Bill of lading, Railway Receipt, Debenture तथा Bond लाई धितोको रुपमा स्वीकार गरी कर्जा तथा अन्य बैंकिङ्ग सुविधा उपलब्ध गराउने । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खख) नयाँ थप | (खख) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई बैंक आफैले वा अन्य संस्थासँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी शेयर तथा डेरिभेटिब्स् लगायतका वस्तुहरुको कारोबार गर्ने । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खग) नयाँ थप | (खग) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई बैंक आफैले वा बैंकले सहायक कम्पनी खोली वा बैंकले अन्य संस्थासँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी विद्युतीय भुक्तानी सेवा वा विद्युतीय भुक्तानी प्रदायक सेवा वा वालेट व्यवस्थापन सेवा संचालन गर्ने । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |



2691079

ISO 9001 Certified Bank

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| (खघ) नयाँ थप | (खघ)बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई सहायक कम्पनी स्थापना गरी वा नगरी वा बैंकले अन्य संस्थासँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी सम्पत्ति व्यवस्थापन ( एसेट म्यानेजमेन्ट) सम्बन्धी कार्य गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खङ) नयाँ थप | (खङ)बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी जीवन बीमा सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खच) नयाँ थप | (खच)बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी निर्जीवन बीमा सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खछ) नयाँ थप | (खछ)बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी बैंकिङ्ग तालिम सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |



ISO 9001 Certified Bank

2691080

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| (खज) नयाँ थप | (खज) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Lifestyle Banking (App Channel, Web Channel, Social Media Channel, Open Banking एवं अन्य Lifestyle Banking सम्बन्धी Products/ Services) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खझ) नयाँ थप | (खझ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Digital Transformation (Paperless Organization, Robotic Process Automation, Cloud Competency, Customer Relationship Management, Business Process Management, Third Party Collaborations, एवं अन्य Digital Transformation Projects) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |



2691081

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| (खञ) नयाँ थप | (खञ)बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Information Technology (Core Banking System, IT Network & System Administration, Disaster Recovery, Hardware Support, EFT Switch Management, QR Switch Management, Third Party Collaborations एवं अन्य IT Projects) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खट) नयाँ थप | (खट)बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Information Security (Application Security, Network Security, IT Operations Security एवं अन्य Cyber Security related) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
2691082

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| ५. बैंकको पूँजीको संरचना<br><br>१.बैंकको अधिकृत पुँजी रु.११,५७,००,००,०००।- (अक्षरेपि एघार अर्ब सन्ताउन्न करोड मात्र) हुनेछ। उक्त पुँजीलाई रु. १०० का दरको ११,५७,००,००० (अक्षरेपि एघार करोड सन्ताउन्न लाख मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिने छ। | ५. बैंकको पूँजीको संरचना<br><br>१.बैंकको अधिकृत पुँजी रु. १४,९२,००,००,०००/- (अक्षरेपी चौध अर्ब बयान्नब्बे करोड रुपैयाँ) हुनेछ। उक्त पुँजीलाई रु. १०० का दरको १४,९२,००,००० (अक्षरेपी चौध करोड बयान्नब्बे लाख) कित्ता साधारण शेयरमा विभाजन गरिने छ। | बैंकले बोनस शेयर जारी गर्न लागेको हुँदा अधिकृत पूँजी बृद्धि गर्नुपर्ने भएकोले। |
| ५. बैंकको पूँजीको संरचना<br><br>२.बैंकको जारी पुँजी रु. ११,५६,४०,०५,३६६।०० (अक्षरेपि एघार अर्ब छपन्न करोड चालिस लाख पाँच हजार तीन सय छैसठ्ठी मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० को दरका ११,५६,४०,०५३ (एघार करोड छपन्न लाख चालीस हजार त्रिपन्न मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। | ५. बैंकको पूँजीको संरचना<br><br>२.बैंकको जारी पुँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकान्नब्बे करोड पचहत्तर लाख छैसठ्ठी हजार नौ सय बाईस रुपैयाँ) हुनेछ । सो पुँजीलाई रु. १०० को दरका १४,९१,७५,६६९ (चौध करोड एकान्नब्बे लाख पचहत्तर हजार छ सय उनान्सत्तरी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकले बोनस शेयर जारी गर्न लागेको हुँदा जारी पूँजी बृद्धि गर्नुपर्ने भएकोले। |
| ५. बैंकको पूँजीको संरचना<br><br>३.बैंकको चुक्ता पुँजी रु. ११,५६,४०,०५,३६६।०० (अक्षरेपि एघार अर्ब छपन्न करोड चालिस लाख पाँच हजार तीन सय छैसठ्ठी मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० को दरका ११,५६,४०,०५३ (एघार करोड छपन्न लाख चालीस हजार त्रिपन्न मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। | ५. बैंकको पूँजीको संरचना<br><br>३.बैंकको चुक्ता पुँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकान्नब्बे करोड पचहत्तर लाख छैसठ्ठी हजार नौ सय बाईस रुपैयाँ) हुनेछ । सो पुँजीलाई रु. १०० को दरका १४,९१,७५,६६९ (चौध करोड एकान्नब्बे लाख पचहत्तर हजार छ सय उनान्सत्तरी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकले बोनस शेयर जारी गर्न लागेको हुँदा चुक्ता पूँजी बृद्धि गर्नुपर्ने भएकोले। |



ISO 9001 Certified Bank

2691083

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लि. को नियमावलीमा**

प्रस्तावित संशोधन/थपको तीन महले विवरण

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| **३१. सञ्चालकहरुको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:**<br><br>(१)सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछन् :<br><br>**अ. बैठक भत्ता**<br>अध्यक्ष : रु. २२,०००/- प्रति बैठक<br>सदस्य : रु. १८,०००/- प्रति बैठक<br>यातायात खर्च : वास्तविक | **३१. सञ्चालकहरुको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:**<br><br>(१)सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछन् :<br><br>**अ. बैठक भत्ता**<br>अध्यक्ष : रु. ३०,०००/- प्रति बैठक<br>सदस्य : रु. २४,०००/- प्रति बैठक<br>यातायात खर्च : वास्तविक | सञ्चालक समितिको जिम्मेवारी अनुरुप सञ्चालक समितिका अध्यक्षज्यू तथा सञ्चालकज्यूहरुको पारिश्रमिक, भत्ता तथा सुविधाहरुमा समसामयिक समायोजन गर्न आवश्यक देखिएको हुनाले । |
| **आ. दैनिक भ्रमण भत्ता**<br><br>क) नेपालमा :<br>१.काठमाडौं/पोखरा: रु. १२,००० /- दैनिक<br>२.अन्य स्थान: रु. १०,०००/- दैनिक<br><br>ख) भारतमा:<br>१.महानगरीय शहरहरुमा भा.रु. १५,०००/- दैनिक<br>२.अन्य शहरहरुमा भा.रु. १०,०००/- दैनिक | **आ. दैनिक भ्रमण भत्ता**<br><br>क) नेपालमा :<br>१.काठमाडौं/पोखरा: रु. १५,०००/- दैनिक<br>२.अन्य स्थान: रु. १२,०००/- दैनिक<br><br>ख) भारतमा:<br>१.महानगरीय शहरहरुमा भा.रु. २२,५००/- दैनिक<br>२.अन्य शहरहरुमा भा.रु. १५,०००/- दैनिक | सञ्चालक समितिको जिम्मेवारी अनुरुप सञ्चालक समितिका अध्यक्षज्यू तथा सञ्चालकज्यूहरुको पारिश्रमिक, भत्ता तथा सुविधाहरुमा समसामयिक समायोजन गर्न आवश्यक देखिएको हुनाले । |



ISO 9001 Certified Bank

2691084

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| ग) विदेशमा:<br>१.भारत बाहेक अन्य सार्क देशहरुमा **USD १५०** दैनिक<br>२.अन्य एशियाली देशहरुमा **USD २००** दैनिक<br>३.अन्य देशहरुमा **USD ३००** दैनिक<br><br>**नोट** :सञ्चालकहरुको भ्रमणमा खाने/बस्ने व्यवस्था बैंकले नै मिलाएको अवस्थामा दैनिक भ्रमण भत्ता प्रदान गरिने छैन । | ग) विदेशमा:<br>१.भारत बाहेक अन्य सार्क देशहरुमा **USD २२५** दैनिक<br>२.अन्य एशियाली देशहरुमा **USD ३००** दैनिक<br>३.अन्य देशहरुमा **USD ४५०** दैनिक<br><br>**नोट** :सञ्चालकहरुको भ्रमणमा खाने/बस्ने व्यवस्था बैंकले नै मिलाएको अवस्थामा दैनिक भ्रमण भत्ता प्रदान गरिने छैन । | |
| **इ. अन्य सुविधाहरु**<br>क) अध्यक्षलाई पत्रपत्रिका तथा टेलीफोन/मोबाईल भत्ता वापत एकमुष्ट **रु. २०,०००/-** प्रति महीना तथा सञ्चालकलाई पत्रपत्रिका तथा टेलीफोन/मोबाईल भत्ता वापत एकमुष्ट **रु. १७,०००/-** प्रति महिना । | **इ. अन्य सुविधाहरु**<br>क) अध्यक्षलाई पत्रपत्रिका तथा टेलीफोन/मोबाईल भत्ता वापत एकमुष्ट **रु. ३०,०००/-** प्रति महीना तथा सञ्चालकलाई पत्रपत्रिका तथा टेलीफोन/मोबाईल भत्ता वापत एकमुष्ट **रु. २५,५००/-** प्रति महिना । | सञ्चालक समितिको जिम्मेवारी अनुरुप सञ्चालक समितिका अध्यक्षज्यू तथा सञ्चालकज्यूहरुको पारिश्रमिक, भत्ता तथा सुविधाहरुमा समसामयिक समायोजन गर्न आवश्यक देखिएको हुनाले । |

४. विषयसूचि (४) अन्तर्गत प्रवन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको विशेष प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(ग) विविध**

विषयसूची विविध अन्तर्गत छलफलको लागि अन्य कुनै विषय नभएकोले साधारण सभाको कार्यक्रम संचालनकर्ताले उपस्थित सबैलाई धन्यवाद दिँदै विजयादशमीको मंगलमय शुभकामना दिनुहुँदै आजको बैठक विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

अध्यक्षज्यूले बैंकको छब्बीसौं वार्षिक साधारण सभामा सहभागी भई, आफ्नो अमूल्य राय सुझाव दिई साधारण सभा सफलतापुर्वक सम्पन्न गर्न सहयोग गरिदिनुभएकोमा आदरणीय शेयरधनी महानुभावहरुलाई विशेष धन्यवाद ज्ञापन गर्नुभयो ।

साथै, आगामी दिनहरुमा पनि सबैले यस्तै साथ सहयोग र हौसला प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै उपस्थित सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु, नियामक निकायका प्रतिनिधिज्यूहरु, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, नायब प्रमुख कार्यकारी अधिकृतज्युहरु तथा बैंकका समस्त कर्मचारीहरुलाई समेत धन्यवाद ज्ञापन गर्दै बैंकको छब्बीसौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| **दिपेन कार्की** | **तुलसीराम अग्रवाल** |
| **कम्पनी सचिव** | **अध्यक्ष** |

मिति : २०८०/०६/२८



ISO 9001 Certified Bank

2691086

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

अनुसूचि १

## एन आई सी एशिया बैंक लिमिटेडको छब्बीसौं वार्षिक साधारण सभामा
## अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूको मन्तव्य

यस एन आई सी एशिया बैंकको २६ औं वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाइदिनु भएकोमा आदरणीय शेयरधनी महानुभावज्यूहरु, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, सञ्चालकज्यूहरु, बैंकका बाह्य लेखापरीक्षकज्यू, कानुनी सल्लाहकारज्यू, बैंकमा कार्यरत कर्मचारीहरु तथा उपस्थित समस्त बैंक परिवारलाई सधन्यवाद म यस गरिमामय सभामा हार्दिक स्वागत गर्दछु ।

ग्राहकवर्ग समक्ष प्रविधिमा आधारित नविन र विश्वस्तरीय बैंकिङ्ग सेवा प्रदान गरी सहज, सबल, विश्वसनीय, गतिशिल र उत्तरदायी बैंकिङ्ग गर्ने हाम्रो एक मात्र अठोट रहेको छ । समस्त बैंक परिवार, सरोकारवाला र हाम्रा आदरणीय शेयरधनी महानुभावहरु समक्ष बैंकको गत वर्षको समग्र उपलब्धीहरुको समीक्षा प्रस्तुत गर्न पाउँदा मैले आफुलाई निकै गौरवान्वित महसुस गरेको छु ।

### विश्व आर्थिक परिदृश्य

चालु आर्थिक वर्ष २०७९/८० मा दुई राष्ट्र रुस र युक्रेनको युद्ध र सो युद्धमा परोक्ष रुपमा विश्वका महाशक्ति राष्ट्रहरुको सहभागिताका कारण पेट्रोलियम पदार्थको आपूर्तिमा कमी र उच्च मूल्य वृद्धि, कच्चा पदार्थ तथा विभिन्न सामानहरुको आयात/निर्यातमा अवरोध, खाद्यान्न संकट, उच्च मुद्रास्फीति, उच्च बेरोजगारी दर र अन्तर्राष्ट्रिय ऋणमा वृद्धि जस्ता समस्याहरुको अधिकांश राष्ट्रहरुले सामना गर्नुपर्‍यो । International Monetary Fund ले सन् २०२३ अप्रिलमा प्रकाशन गरेको प्रतिवेदन अनुसार सन् २०२२ मा ३.४% ले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२३ मा २.८% ले मात्र बृद्धि हुने अनुमान गरिएको छ । त्यसैगरी, सन् २०२२ मा विश्व मुद्रास्फीति ८.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०२३ मा ७ प्रतिशतमा सीमित रहने अनुमान गरिएको छ । विकसित राष्ट्रहरुको आर्थिक वृद्धिमा लामो अवधिको Slow Down देखिने अनुमान रहेको छ । मुद्रास्फीतिलाई नियन्त्रण गरी उत्पादकत्व बढाउनु र कच्चा पदार्थको आपूर्ति सहज बनाउनु विश्व अर्थतन्त्रको हालको मुख्य चुनौति रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्वको आर्थिक वृद्धिदर सन् २०२३ मा कमजोर रहने र सन् २०२४ मा केही सुधार आउने प्रक्षेपण गरेको छ । सन् २०२३ मा विश्वको मूल्यस्थितिमा सुधार आएतापनि अझै उच्च रहने कोषको प्रक्षेपण रहेको छ । मूल्य वृद्धिदर कम हुँदै गएतापनि लक्ष्यभन्दा अझै उच्च रहेकाले विकसित र उदीयमान मुलुकहरुले मौद्रिक नीतिको कसिलो कार्यदिशालाई निरन्तरता दिएका छन् ।

### नेपालको आर्थिक परिदृश्य

आर्थिक वर्ष २०७९/८० मा सरकारी वित्त स्थिति दबाबमा परेको छ भने निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जाको वृद्धिदर इतिहासकै तुलनामा कमजोर रहेको छ । आर्थिक गतिविधिमा केही शिथिलता आएकोले बैंकिङ्ग प्रणालीको निष्क्रिय कर्जा अनुपात आर्थिक वर्ष २०७८/७९ भन्दा १४८ प्रतिशतले बढेर आर्थिक वर्ष २०७९/८० मा २.९८ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०८०/८१ को संघीय बजेटले आर्थिक वर्ष २०८०/८१ मा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र मुद्रास्फीति ६.५ प्रतिशतभित्र रहने अनुमान गरेको छ । उपर्युक्त लक्ष्य हासिल गर्न बजेटमा आर्थिक सुधारका कार्ययोजनाहरु प्रस्ताव गरिएका छन् । आर्थिक वर्ष २०७९/८० मा मुद्रास्फीति ७ प्रतिशतभित्र कायम राख्ने गरी मौद्रिक नीतिको कार्यदिशा तय गरिएकोमा आर्थिक वर्ष २०७९/८० को औसत मुद्रास्फीति ७.७४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म करिब १० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति रहेको छ । मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा रहेको भारित औसत अन्तरबैंक ब्याजदरलाई ५.५ देखि ८.५



2691087

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

प्रतिशतभित्र राख्ने लक्ष्य राखिएकोमा वार्षिक औसत अन्तरबैंक ब्याजदर ७.१३ प्रतिशत कायम भएको छ । त्यसैगरी, चालु आर्थिक वर्षमा आधारभुत मूल्यमा २.१६ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान रहेको छ । चालु आर्थिक वर्षमा राजस्व संकलन रु. ९.५७ खर्ब रहेको छ, जुन संशोधित लक्ष्यको तुलनामा ८१ प्रतिशत हो भने गत वर्षको तुलनामा १०.१६ प्रतिशतले कम हो ।

**बैंकको व्यवसायिक उपलब्धि**

आर्थिक वर्ष २०७९/८० मा समग्र बैंकिङ्ग क्षेत्रको कर्जा विस्तारमा शिथिलता आएको र निष्क्रिय कर्जा अनुपातमा वृद्धि भएको कारणले बैंकलाई पूंजी पर्याप्तता कायम गर्नको लागि चुनौती थपिएको थियो, जसले गर्दा बैंकले आर्थिक वर्ष २०७९/८० को सुरुमा लिएको कर्जा विस्तारको रणनीतिलाई परिवर्तन गरी कर्जा असुली तर्फ ध्यान केन्द्रित गर्नुपरेको थियो । अर्थतन्त्रको कठीन चुनौतिहरुको बाबजुद बैंकले गत आर्थिक वर्ष २०७९/८० मा उत्साहजनक व्यवसायिक उपलब्धिहरु हासिल गर्न सफल भएको छ । आर्थिक वर्ष २०७९/८० देखि आर्थिक वर्ष २०८३/८४ सम्मको लागि बैंकले आफ्नो पञ्चवर्षीय रणनीतिक योजना अठोट २२-२७ तर्जुमा गरेको तथा आर्थिक वर्ष २०७९/८०, अठोट २२-२७ को पहिलो वर्ष रहेको जानकारी समेत गराउन चाहन्छु । गत आर्थिक वर्ष २०७९/८० मा हामी बैंकिङ्ग Industry मा देशकै सर्वोत्कृष्ट बैंकहरुको सूचिमा कायम रहन सफल भएका छौं भन्ने तथ्य म यहाँहरुलाई अवगत गराउन पाउँदा अत्यन्त गौरवान्वित भएको छु । अब म समीक्षा अवधी आर्थिक वर्ष २०७९/८० मा बैंकले हासिल गरेका प्रमुख उपलब्धिहरु यहाँहरु समक्ष देहाय बमोजिम राख्न चाहन्छु :

- कुल कर्जा रु. २७१.६ अर्ब पुऱ्याई बैंकिङ्ग क्षेत्रमा भएको बिग मर्जरको बाबजुद बैंक पाँचौं स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत कर्जा रु. २१२.६८ अर्ब को तुलनामा बैंकको कुल कर्जा करिव २८ प्रतिशतले बढी रहेको ।
- कुल निक्षेप रु. ३१४.३१ अर्ब पुऱ्याई बैंक छैठौं स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत कुल निक्षेप रु. २५१.१५ अर्बको तुलनामा बैंकको कुल निक्षेप करिव २५ प्रतिशतले बढी रहेको ।
- स्वदेशी मुद्रा तर्फको ब्याज नपर्ने निक्षेप रु. ३६.२९ अर्ब पुऱ्याई बैंक चौथो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत स्वदेशी मुद्रा तर्फको ब्याज नपर्ने निक्षेप रु. २२.१५ अर्बको तुलनामा बैंकको ब्याज नपर्ने निक्षेप करिव ६४ प्रतिशतले बढी रहेको ।
- स्वदेशी मुद्रा तर्फको बचत निक्षेप रु. ८७.०१ अर्ब पुऱ्याई बैंक पाँचौं स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत बचत निक्षेप रु. ६६.६७ अर्बको तुलनामा बैंकको बचत निक्षेप करिव ३१ प्रतिशतले बढी रहेको ।
- स्वदेशी मुद्रा तर्फको CASA निक्षेप रु. १२३.३० अर्ब पुऱ्याई बैंक चौथो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत CASA निक्षेप रु. ८८.८२ अर्बको तुलनामा बैंकको CASA निक्षेप करिव ३९ प्रतिशतले बढी रहेको ।
- कुल ब्याज आम्दानी रु. ३८.३७ अर्ब पुऱ्याई बैंक तेस्रो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत ब्याज आम्दानी रु. २७.०३ अर्बको तुलनामा बैंकको ब्याज आम्दानी करिव ४२ प्रतिशतले बढी रहेको ।
- खुद ब्याज आम्दानी रु. १२.२६ अर्ब पुऱ्याई बैंक तेस्रो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत खुद ब्याज आम्दानी रु. ९.२० अर्बको तुलनामा बैंकको खुद ब्याज आम्दानी करिव ३३ प्रतिशतले बढी रहेको ।
- संचालन आम्दानी रु. १५.०३ अर्ब पुऱ्याई बैंक तेस्रो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत संचालन आम्दानी रु. ११.०८ अर्बको तुलनामा बैंकको सञ्चालन आम्दानी करिव ३६ प्रतिशतले बढी रहेको ।
- संचालन मुनाफा रु. ६.५४ अर्ब पुऱ्याई बैंक पाँचौं स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत संचालन मुनाफा रु. ५.१० अर्बको तुलनामा बैंकको सञ्चालन मुनाफा २८ प्रतिशतले बढी रहेको ।

- खुद मुनाफा रु. ४.४४ अर्ब पुऱ्याई बैंक चौथो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत खुद मुनाफा रु. ३.४६ अर्बको तुलनामा बैंकको खुद मुनाफा करिब २८ प्रतिशतले बढी रहेको ।
- निष्क्रिय कर्जा अनुपात ०.८८ प्रतिशतमा सीमित राखी बैंक दोस्रो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत निष्क्रिय कर्जा अनुपात २.९८ प्रतिशत रहेको, जुन बैंकको ०.८८ प्रतिशतको तुलनामा करिब २३९ प्रतिशतले बढि रहेको ।
- प्रति शेयर आम्दानी रु. ३८.४४ पुऱ्याई बैंक पहिलो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत प्रति शेयर आम्दानी रु. १९.२६ भन्दा बैंकको प्रति शेयर आम्दानी करिब १०० प्रतिशतले बढी रहेको ।
- Return on Equity १६.३९ प्रतिशत सहित बैंक दोस्रो स्थानमा रहेको र समग्र वाणिज्य बैंकहरुको औसत Return on Equity १०.८८ प्रतिशत भन्दा बैंकको Return on Equity करिब ५१ प्रतिशतले बढी रहेको ।

**प्रविधिको प्रयोग**

बैंकले प्रदान गर्ने वित्तीय सेवाहरुमा Latest Technology Equipment, Artificial Intelligence, Machine Learning र Big Data Analytics को बढी भन्दा बढी प्रयोग गरी बैंकिङ्ग सेवालाई अझ गुणस्तरीय बनाउन र देशकै अग्रणी बैंक (Digital First Bank) बन्ने हाम्रो प्रतिवद्धता रहेको जानकारी गराउन चाहन्छु । बैंकलाई सम्पूर्ण रुपमा परिस्कृत गर्दै आफ्ना ग्राहकहरुलाई थप सहज र सुविधाजनक बैंकिङ्ग अनुभव प्रदान गर्ने लक्ष्य राखि NIC ASIA Bank 2.0 मा Upgrade गर्ने लक्ष्य राखेको समेत यहाँहरु समक्ष सगौरव जानकारी गराउन चाहन्छु ।

Digital First Bank बन्ने अवधारणा अनुरुप बैंकले गत आर्थिक वर्षमा Video KYC, E-Service, Loan Management System, EFT Switch, Digital CSD, Foneloan, Online Loan Against Fixed Deposit, KIOSK Machine, Cash Deposit Machine (CDM), Digital Teller, AI Enabled Website लगायतका ग्राहक अनुभव अभिवृद्धि गर्ने Project हरु कार्यान्वयन गर्न बैंक सफल भएको छ । यस कार्यबाट बैंकले ग्राहकवर्गलाई प्रदान गर्ने सेवाको गुणस्तर थप मजबुत बनाउने तथा बैंकको आन्तरिक संचालनलाई चुस्त दुरुस्त बनाउन सहयोग पुग्नेछ । आर्थिक बर्ष २०७५/७६ मा बैंकको कुल ५२ प्रतिशत कारोबार Digital माध्यमबाट हुने गरेकोमा आर्थिक बर्ष २०७९/८० सम्म आईपुग्दा बैंकको कुल ८७ प्रतिशत कारोबार Digital माध्यमबाट हुने गरेको छ, जुन समग्र बैंकिङ्ग Industry मध्ये सबैभन्दा बढी रहेको तथ्य समेत यहाँहरु समक्ष सगौरव राख्न चाहन्छु ।

- समीक्षा अवधिमा हामीले ४,०२,२६२ नयाँ Mobile Banking ग्राहकहरु वृद्धि गरी कुल Mobile Banking ग्राहक संख्या २३,७४,८९७ पुऱ्याउन सफल भएका छौं । Mobile Banking मा समग्र Industry मा हाम्रो बजार हिस्सा १२.८८ प्रतिशत पुऱ्याइ समग्र वाणिज्य बैंकहरुको औसत ८,४५,४५० ग्राहक संख्याको तुलनामा १८१ प्रतिशतले बढी रहेको छ । समीक्षा अवधिमा बैंकको Mobile Banking ग्राहकहरुको संख्यामा गत बर्षको तुलनामा २० प्रतिशतले वृद्धि भएको छ ।

- समीक्षा अवधिमा हामीले ३,६१,५६७ नयाँ Debit Card ग्राहकहरु थप गरी कुल Debit Card ग्राहक संख्या १८,७७,५८८ पुऱ्याउन सफल भएका छौं । Debit Card मा समग्र Industry मा हाम्रो बजार हिस्सा १६.५३ प्रतिशत छ र समग्र वाणिज्य बैंकहरुको औसत ४,९८,९९१ ग्राहक संख्याको तुलनामा २७६ प्रतिशतले बढी रहेको छ । समीक्षा अवधिमा बैंकको Debit Card को संख्यामा गत बर्षको तुलनामा २४ प्रतिशतले वृद्धि भएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

- समीक्षा अवधिमा हामीले कुल Point of Sale (POS) ग्राहक संख्या ५,००८ पुऱ्याउन सफल भएका छौं। Point of Sale (POS) मा समग्र Industry मा हाम्रो बजार हिस्सा १० प्रतिशत रहेको अनुमान गरिएको छ।

- समीक्षा अवधिमा हामीले १,६०,००० नयाँ QR ग्राहकहरु थप गरी कुल QR ग्राहक संख्या २,८५,४१४ पुऱ्याउन सफल भएका छौं। QR मा समग्र Industry मा हाम्रो बजार हिस्सा अनुमानित १० प्रतिशत रहेको छ। समीक्षा अवधिमा बैंकको QR को संख्यामा गत बर्षको तुलनामा १२८ प्रतिशतले वृद्धि भएको छ।

- समीक्षा अवधिमा हामीले ६,१५,१८७ नयाँ E-Commerce Activated Card को ग्राहकहरु थप गरी ग्राहक संख्या ७,१२,५७२ पुऱ्याउन सफल भएका छौं। समीक्षा अवधिमा बैंकको E-Commerce Activated Card को ग्राहक संख्यामा गत वर्षको तुलनामा ६३२ प्रतिशतले वृद्धि भएको छ।

- २०८० असार मसान्त सम्ममा हामीले देशका विभिन्न शाखा कार्यालयहरुमा ग्राहक वर्गको सेवाको लागि कुल ६५ वटा Cheque Deposit Multifunction KIOSK Machine हरु, १० वटा Cash Deposit Machine हरु र एउटा Cash Deposit Recycler Machine जडान गरिसकेका छौं र चालु आर्थिक वर्षमा बाँकी शाखा कार्यालयहरुमा थप उपकरणहरु जडान गर्ने हाम्रो योजना रहेको छ।

साथै, ग्राहकवर्गलाई उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गरी Digital First Bank बन्ने बैंकको अठोट अनुरुप ग्राहकवर्गलाई छिटो, छरितो र सहज डिजिटल बैंकिङ्ग सेवा उपलब्ध गराउनको लागि चालु आर्थिक वर्ष २०८०/८१ मा Paperless Banking, Man Less Banking, Virtual Card, AI based Chatbot, Loyalty Management System जस्ता Digital Project हरु सम्पन्न गरी कार्यान्वयनमा ल्याउने लक्ष्य राखेको जानकारी समेत यहाँहरु समक्ष सगौरव राख्न चाहन्छु।

## नयाँ Product र सेवाहरु

ग्राहकको आवश्यकताले नै बैंकको सेवा र Product हरु निर्माण गर्ने हो भन्ने मान्यतामा आधारित भइ बैंकले ग्राहकवर्गको सोही रुचिलाई न्युनतम मापदण्ड मान्दै २४ वटा विशेष प्रकारका बैंकिङ्ग सेवा तथा सुविधाहरु सहितको सर्वश्रेष्ठ Deposit Product हरु Launch गरेको विषय यहाँहरुलाई जानकारी गराउन चाहन्छु। यस Product Series मा हरेक पेशा, व्यवसाय, उमेर र क्षेत्रका नागरिकहरुलाई बीमा सुविधाका साथै निःशुल्क अन्य विविध प्रकारका बैंकिङ्ग सुविधाहरु समेत उपलब्ध गराइएको छ। समीक्षा अवधिमा समेत बैंकले बजारको आवश्यकतालाई बुझी आफ्नो निक्षेप तथा कर्जा Product हरुलाई परिमार्जन गर्दै आएको छ। Mobile Banking, iServe जस्ता Digital माध्यमहरुबाट प्रवाह हुने सेवाहरु बैंकले विस्तार गरिरहेको तथ्य समेत यहाँहरुलाई जानकारी गराउन चाहन्छु।

## संस्थागत सामाजिक उत्तरदायित्व

जनमानस र समाजमा Positive Impact सृजना गर्नको लागि संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत हामीले देशका विभिन्न भौगोलिक क्षेत्रहरुमा रहेका व्यक्तिहरु, स्थानीय व्यापार, शिक्षा, स्वास्थ्य र संस्कृतिको उत्थान गर्नको लागि, देशका विपन्न, गरीब, वृद्ध, अनाथ र पिछडीएका समुदायहरुको लागि शिक्षा, स्वास्थ्य र जिविकोपार्जन गर्ने आधारहरु निर्माण र संरक्षण, वातावरण संरक्षण, सरसफाई, धार्मिक क्षेत्रको संवर्द्धन जस्ता सामाजिक कार्यहरु गर्नको लागि विगत वर्षहरुदेखि यथेष्ट लगानी गर्दै आएको तथ्य यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु। गत आर्थिक वर्षमा बैंकले विभिन्न प्रदेशबाट विपन्न समुदायका कुल १२ जना छात्रछात्राहरुलाई अध्ययन गर्नको लागि छात्रवृत्ति प्रदान गरेको थियो भने



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

बैंकले देशका विभिन्न स्थानमा रहेका सरकारी तथा सामुदायिक विद्यायलयहरुको छनौट गरी आफ्नै लगानीमा पुस्तकालय निर्माण गर्ने योजना कार्यान्यवन गर्न शुरु गरेको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु । यसै अनुरुप बैंकले जोशीपुर-१, कैलालीमा अवस्थित श्री मोहन्याल माध्यमिक विद्यालय; भगवानपुर-१, सिराहामा अवस्थित श्री बाला सुन्दरी माध्यमिक विद्यालय; बुद्धशान्ति-२, झापामा अवस्थित श्री आदर्श माध्यमिक विद्यालय; गौरीगञ्ज-३, झापामा अवस्थित श्री गौरीगञ्ज माध्यमिक विद्यालय र बन्दीपुर-१ तनहुँमा अवस्थित श्री पवित्रा माध्यमिक विद्यालयमा पुस्तकालय निर्माण गर्नको निमित्त बैंक, विद्यालय र सम्बन्धित स्थानीय निकाय बिच त्रिपक्षीय सम्झौता भएको समेत यहाँहरुलाई जानकारी गराउन चाहन्छु । यसको अलावा, नेपाल सरकारले देशका सम्पूर्ण जनसमुदायमा वित्तीय पहुँच पुऱ्याउने उच्च महत्वको लक्ष्य लिएको सन्दर्भमा बैंकले विकट, ग्रामीण र अर्ध शहरी क्षेत्रहरुमा शाखा सञ्जाल विस्तार गरेर नेपाल सरकारको लक्ष्य हासिल गर्न सहयोग गरेको छ । वाणिज्य बैंकहरु मध्ये सबैभन्दा बढी शाखा सञ्जाल र ग्राहक संख्या भएको यस बैंकको कुल ३६० वटा शाखा, १११ वटा Extension Counter र ५१७ वटा ATM हरु सहित देशका ७७ जिल्लाहरु मध्ये ७३ जिल्लाहरुमा बैंकको Footprint रहेको र देशका ३४ वटा दुर्गम स्थानीय तहहरुमा अन्य बैंकहरुको पहुँच नरहेको स्थानहरुमा समेत यस बैंकले शाखा स्थापना गरी आम जनसमुदायलाई बैंकिङ्ग सेवा प्रदान गरिरहेको तथ्य यहाँहरु समक्ष सहर्ष जानकारी गराउन चाहन्छु ।

त्यसैगरी २०८० असार मसान्तमा बैंकले आफ्नो कुल कर्जाको ८.५ प्रतिशत ग्रामीण (गाँउपालिका) क्षेत्रमा विस्तार गरेको छ, जुन वाणिज्य बैंकहरु मध्ये सबै भन्दा बढी रहेको अनुमान गरिएको छ । बैंकको अधिकांश निक्षेप र कर्जा ग्राहकहरु निम्न तथा मध्यम आय भएका वर्ग रहेका छन् । साथै, समीक्षा अवधिमा बैंकले प्रत्यक्ष कर र अप्रत्यक्ष कर सहित कुल रु. ३ अर्ब ६६ करोड रुपैयाँ भन्दा बढी राजश्व रकम नेपाल सरकारलाई भुक्तानी गरी जिम्मेबार करदाताको कर्तव्य बहन गरेको तथ्य यहाँहरु समक्ष सगौरव प्रस्तुत गर्न चाहन्छु ।

**मानव संशाधन व्यवस्थापन**

बैंकिङ्ग व्यवसाय सेवा व्यवसाय भएको हुनाले हामीले आफ्नो मानव संशाधनलाई सदा उच्च र विशेष महत्व दिंदै आएका छौं । सक्षम कर्मचारीहरुबाट मात्र बैंकले प्रतिष्पर्धात्मक क्षमता प्राप्त गर्न सक्दछ भन्ने तथ्यलाइ हृदयगंम गर्दै, ग्राहकवर्गलाई High Quality Service प्रदान गरी शेयरधनीहरुको प्रतिफलमा वृद्धि गर्नको लागि हामी सदैव सचेत रहेका छौं । बैंकले आफ्ना कर्मचारीहरुको सीप, क्षमता, Leadership and Managerial Skill, Adaptability लगायतका गुणहरुको विकास गर्नको लागि यथेष्ठ Support र लगानी गर्दै आएको तथ्य यहाँहरु समक्ष राख्न चाहन्छु । सोही अनुरुप समीक्षा अवधिमा बैंकले आफ्ना कर्मचारीहरुलाई कुल ७६० वटा आन्तरिक तालिम, २५० वटा बाह्य तालिम र ६ वटा अन्तर्राष्ट्रिय तालिममा सहभागी गराएको थियो, जसमा कुल सहभागी संख्या ६२,०६७ रहेको थियो । हामीले हरेक तह, विभाग र प्रदेशका कर्मचारीहरुलाई वृत्ति विकासको लागि समुचित अवसरहरु प्रदान गर्ने गरेका छौं । साथै, समीक्षा अवधिमा हामीले Quality Circle को निर्माण गरी बैंकको Business Function, Support Function र Control Function मा रहेका Issue हरुलाई वैज्ञानिक रुपमा समाधान गर्ने अभ्यास समेत गरेका छौं । यस बाहेक पनि बैंकको प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापनका पदाधिकारीहरुले समय समयमा देशका हरेक प्रदेशमा रहेका प्रादेशिक कार्यालय, उप-प्रादेशिक कार्यालय तथा शाखा कार्यालयहरुको भ्रमण गरी कर्मचारीहरुलाई प्रोत्साहन गर्ने, बैंकको Vision, Mission, NIC ASIAN DNA, बैंकका विभिन्न Ethos आदि प्रति उन्मुख गराउने र व्यवसायिक स्थितिको समीक्षा लिने कार्यहरु समेत गर्ने गरिएको तथ्य यहाँहरुलाई अवगत गराउन चाहन्छु ।





**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**पूँजी पर्याप्तता तथा लाभांश वितरण**

आर्थिक वर्ष २०७९/८० मा पूँजी पर्याप्तताको दृष्टिकोणबाट बैंकले नियामकीय निकायले तोकेको Tier-1 Capital Adequacy Ratio ८.५० प्रतिशत भन्दा बढी कायम गरी ९.४६ प्रतिशत कायम गर्न सफल भएको छ। Tier-1 Capital Adequacy Ratio नियामकीय निकायले तोकेको ८.५० प्रतिशत भन्दा कम भएको कारणले बैंकले विगत दुई आर्थिक वर्षमा लाभांश वितरण गर्न नसकेको भएतापनि यस आर्थिक वर्षमा भने विश्व अर्थतन्त्रमा देखिएको शिथिलता, देशको अर्थतन्त्रमा कर्जाको मागमा आएको कमी एवम् कर्जा असुलीमा देखिएको प्रतिकुल वातावरणको बाबजुद पनि बैंकले गत आर्थिक वर्ष २०७९/८० मा पर्याप्त मात्रामा पूँजी पर्याप्तता अनुपात कायम गर्न सफल भई शेयरधनी महानुभावहरुलाई २९% बोनस शेयर र कर प्रयोजनको लागि १.५२६३% नगद लाभांश गरी कुल ३०.५२६३% लाभांश प्रदान गर्ने प्रस्ताव यसै सभामा पेश गर्न पाउँदा म निकै हर्षित भएको छु।

**धन्यवाद ज्ञापन**

यस एन आई सी एशिया बैंकका शुभेच्छुक तथा हितैषी सम्पूर्ण जनसमुदाय, शेयरधनी महानुभावहरु लगायत बैंकको सफलताको लागि सदा मन वचन र कर्मले अहोरात्र प्रयास गर्नुहुने बैंकका प्रमुख सल्लाहकारज्यू, मेरा सञ्चालक साथीहरु, बैंकको प्रमुख कार्यकारी अधिकृत, ATHOT Assurance Committee, ATHOT Implementation Oversight Committee, ATHOT Implementation Committee लगायत विभिन्न तह र तप्काका बैंकका सम्पुर्ण कर्मचारीहरुको योगदानको उच्च प्रशंसा गर्दै वहाँहरुलाई हृदयदेखि नै हार्दिक धन्यवाद दिन चाहन्छु। साथै, आगामी दिनहरुमा समेत वहाँहरुबाट यस्तै साथ, सहयोग र योगदान निरन्तर रहिरहोस् भन्ने कामना गर्न चाहन्छु।

अन्त्यमा, बैंकलाई यस अवस्थामा ल्याउन उल्लेख्य योगदान दिनुहुने नियामक निकायहरु, शेयरधनी महानुभावहरु, ग्राहकवर्गहरु र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु प्रति हार्दिक आभार प्रकट गर्दै सबै सरोकारवालाहरुबाट भविष्यमा पनि निरन्तर सहयोग प्राप्त हुने अभिलाषाका साथ यहाँहरुलाई हृदय देखि नै हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

धन्यवाद।

**श्री तुलसीराम अग्रवाल**
**अध्यक्ष**





**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था